नियममावली नं.४

# धरान उपमहानगरपालिका
# शिक्षा नियमावली, २०७४
## (पहिलो संसोधन)

नगरकार्यपालिकाबाट स्वीकृत मितिः– २०७५।०१।१२ गते
प्रमाणीकरण मितिः– २०७५।०१।२६ गते

**धरान उपमहानगरपालिका**
**नगरकार्यपालिकाका कार्यालय**
**धरान, सुनसरी**

# धरान  उपमहानगरपालिका
## शिक्षा नियमावली, २०७४
## (पहिलो संसोधन-२०७५)

<u>नियम ९  मा थप व्यवस्था सहित संसोधन गरिएको</u>

**९(क) शैक्षिक गुठी अन्तरगत मुनाफा नलिने नया विद्यालय खोल्न अनुमति र स्वीकृति दिने सम्वन्धी व्यवस्था**

शैक्षिक गुठी अन्तरगत मुनाफा नलिने नया विद्यालय खोल्न अनुमति र स्वीकृति दिने सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठीसम्बन्धी विधान बनाई धरान नगरपालिकामा  दर्ता गराउनु पर्नेछ ।

(२) शैक्षिक गुठी निजी र सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ ।

तर  देहायका विद्यालयलाई शैक्षिक गुठीका रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृत दिइने छैन ।

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय

ख) सरकारी वा सार्वजनिक भवनमा  सञ्चालन भएको विद्यालय

ग) कुनै व्यक्ति वा संस्थाले  विद्यलयको नाममा भवन वा जग्गा दान दातव्य  दिइएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ संचालन भएको विद्यालय

(२क) उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांशमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा संस्थाले निजी गुठीको रुपमा विद्यालय सञ्चालन गर्ने गरी कुनै विद्यालयलाई भवन वा जग्गा दानदातव्य दिएमा त्यस्तो विद्यालय निजी गुठीको रुपमा सञ्चालन गर्न सकिनेछ ।

(३)यस नियमवाली वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तरगत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम हुनु पर्ने छः-

क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनु पर्ने छ,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक  गुठी भए कम्तिमा पाँचजना र निजी गुठी भए कम्तिमा तीनजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठिको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रेहका गुठीका सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उतराधिकारी तोक्न सक्ने ,
(४) शैक्षिक गुठी सम्बन्धी विधानमा देहायका कुराहरु खुलाएको हुनु पर्नेछ –
(क) विद्यालयको नाम र ठेगाना,
(ख) शैक्षिक गुठीका संस्थापकको नाम र ठेगाना,
(ग) शैक्षिक गुठीका गुठीयार तथा गुठीयारको मुख्य भई काम गर्ने व्यक्तिको नाम, नियुक्ति प्रकृया र कार्यकाल,
(घ) गुठीयारको काम, कर्तव्य र अधिकार तथा निजहरुले पाउने सुविधा,
(ङ) शैक्षिक गुठीमा रहेको घर जग्गा, आम्दानी, ऋण तथा अन्य सम्पत्तिको विवरण,
(च) आवश्यक अन्य कुराहरु ।
(५) सार्वजनिक शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका संस्थापक, प्रधानाध्यापक र धरान उपमहानगरपालिकाले तोकेको व्यक्ति तथा निजी शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका संस्थापक वा निजले तोकेको व्यक्ति पदेन गुठीयार हुनेछ ।
(६) सार्वजनिक शैक्षिक गुठीमा कम्तीमा पाँच जना र निजी शैक्षिक गुठीमा संस्थापकले चाहे बमोजिमका व्यक्ति गुठियार हुनेछन् ।
(७) सार्वजनिक शैक्षिक गुठीको गुठियारमा कार्यपालिकाको , वाड अध्यक्ष र अभिभावकहरु मध्येबाट कम्तीमा एक एक जना सदस्य राख्नु पर्नेछ ।
(८) उपनियम (७) बमोजिम शैक्षिक गुठीमा प्रतिनिधित्व गर्ने प्रतिनिधि प्रमुखबाट तोकिनेछ ।
(९) यस नियम बमोजिम स्थापना गरिएको शैक्षिक गुठीले उपमहानगरपालिकाको शिक्षा नियमावली र अन्य प्रचलित कानून बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

**<u>नियम १६ मा संसोधन गरिएको</u>**

—शिक्षा नियमावलीको नियम १६ मा "विद्यालय गाभ्न सकिने "को ठाँउमा "विद्यालय सार्न गाभ्न वा नाम परिवर्तन गर्न सक्ने" भनी संशोधन गर्ने ।
—नियम १६ को उपनियम४मा थप गर्ने "शिक्षा समितिको सिफारिसमा आफ्नो कार्यक्षेत्र भित्र एक स्थानबाट अर्को स्थानमा विद्यालय सार्न सक्ने उचित र पर्याप्त कारण भएमा नाम परिवर्तन गर्न कार्यापालिकाले सक्नेछ।"

**<u>नियम १९ मा संसोधन गरिएको</u>**

—शिक्षा नियमावलीको नियम १९ को उपनियम ३ मा थप गर्ने अनुमति पछिको "संघीय शिक्षा मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा" संशोधन गरी शिक्षा समितिको सिफारिसमा कार्यालपालिकाले दिनेछ । यस सम्बन्धी कार्यविधि शिक्षा समितिको सिफारिसमा प्रमुखले स्वीकृत गरे पछि लागु हुनेछ ।

**नियम ४२. १. ग पछि घ थप गरी संसोधनगरिएको**

**नियम ४२. १.घ— सम कक्षाता सम्बन्धी व्यवस्था:** विदेशी शैक्षिक संस्थाहरुबाट कक्षा ८ वा सो सरहको योग्यता हासिल गरी धरान उपमहानगरपालिका भित्रका कक्षा ९ मा अध्ययन गर्न चाहेमा विद्यार्थीका अभिभावकले धरान उपमहानगरपालिका शिक्षा शाखामा निवेदन दिनुपर्ने छ शिक्षा शाखामा परेको निवेदनमा शिक्षा समितिले आवश्यक ठानेमा लिखित वा मौखिक परीक्षा लिइ ९ कक्षा भर्नाको अनुमति दिनेछ । समकक्षता लागि दिइन निवेदनको ढाँचा तथा समकक्षताको ढाँचा शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**प्रमाणीकरण गर्ने**

दस्तखतः—

नामथरः— तारा सुब्बा

पदः— नगरप्रमुख, धरान उपमहानगरपालिका

प्रमाणीकरण मितिः— २०७५ साल बैशाख महिना २६ गते बुधबार